नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

बैठक संख्या: ४२
समय बिहान: ८ बजे

आज मिति २०७६ साल साउन ०८ गते यस नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थितीहरु

| क.स | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री टेक बहादुर रावल | |
| २ | नगर उपप्रमुख | श्री बाल कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री हिरालाल पुन | — |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री राम कुमार जैसी | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री प्रचण्ड वली | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री लक्ष्मी बहादुर रावल | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री केशव प्रसाद शर्मा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री पुर्ण बहादुर खडका | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री अर्जुन बहादुर सिंह | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री गोबिन्द शाही | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री बिष्णु बि.क | — |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री भद्र बहादुर ध्यार | |
| १३ | वडा अध्यक्ष वडा नं ११ | श्री जित बहादरु मल्ल | — |
| १४ | वडा अध्यक्ष वडा नं १२ | श्री लाल बहादुर खत्री | |
| १५ | वडा अध्यक्ष वडा नं १३ | श्री नरेन्द्र बहादुर शाही | — |

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| क.स | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १६ | नगर कार्यपालिका सदस्य | श्री राममाया हमाल | — |
| १७ | नगर कार्यपालिका सदस्य | श्री रुपा कुमारी ध्यार | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री तारादेबी पुन | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री अस्मिता बि.क | |
| २० | नगर कार्यपालिका सदस्य | श्री गोपी बि.क | — |
| २१ | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर नेपाली | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री काँसिराम घर्ति | — |
| २३ | नगर कार्यपालिका सदस्य | श्री तिले बादी | — |
| २४ | सदस्य सचिब | श्री सुरेन्द्र सिंह | |

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति : २०७६।०४।०८ गतेको नगर कार्यपालिकाको वैठकको निर्णय

## प्रस्तावहरु

१. वर्थिङ्ग सेन्टर सञ्चालन गर्ने सम्वन्धमा ।

२. सम्पति कर लागु गर्ने सम्वन्धमा ।

३. नेपाल जलबायु परिवर्तन सहयोग कार्यक्रमको योजना छनौट सम्वन्धमा ।

४. कार्यालय सहयोगीको व्यवस्थापन गर्ने सम्वन्धमा ।

५. घरभाडा वृद्धि गर्ने सम्वन्धमा ।

६. नेत्र सहायक नियुक्त गर्ने सम्वन्धमा ।

७. नलगाड नगरपालिका वडा नं. ७ मा रहेको पिपलको रुख हटाउन अनुरोध गर्ने सम्वन्धमा ।

८. जग्गाको कित्ताकाट सम्वन्धी मापदण्ड निर्धारण गर्ने सम्वन्धमा ।

९. डि.पी.आर. गर्ने सम्वन्धमा ।

१०. ताल तलैया संरक्षणको लागि अनुरोध गर्ने सम्वन्धमा ।

११. समिति गठन गर्ने सम्वन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ :

स्थानीय जनतालाई स्वास्थ्य सेवाको सरल, सहज पहुँच बनाउन र समग्र मानवीय स्वास्थ्यमा हित कायम गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (झ) बमोजिम तथा नलगाड नगरपालिकाको पाँचौ नगर सभामा सभाध्यक्ष श्रीमान नगर प्रमुख ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रममा समेत नलगाड नगरपालिका वडा नं. २ मा रहेको स्वास्थ्य चौकी डाँडागाउ "क" मा वर्थिङ्ग सेन्टर स्थापना गर्ने नीति अनुरुप सम्वन्धित क्षेत्रका साझेदार निकाय र नगर कार्यपालिका कार्यालयको समन्वय, सहकार्यमा वर्थिङ्ग सेन्टर स्थापना गर्ने सर्वसम्मत निर्णय गरियो ।

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

निर्णय नं. २ :

नलगाड नगरपालिकाको पाँचौ नगर सभाबाट स्वीकृत आर्थिक विधेयक २०७६ को दफा (२) बमोजिम अनुसूची (१) मा उल्लेखित दरमा सम्पति कर लागु गरि सोही ऐनको दफा (१३) ले दिएको अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १८ को उपदफा (१) बमोजिम नगर कार्यपालिकाले सम्वन्धित वडा समितिलाई प्रत्यायोजन गरि वडा समितिको निर्णय बमोजिम घरहरुको वर्गीकरण गरि २०७६।०४।०१ बाट सम्पति कर नगरक्षेत्र भित्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३ :

यस नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन गर्न नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको बजेट शीर्षक नं. ३२९००१०१ मा विनियोजित रु. १,२०,००,०००।० अक्षरुपी (एक करोड बीस लाख) र नलगाड नगर सभाबाट वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा विनियोजन गरिएको म्याचिंग रु. १५,००,०००।० अक्षरुपी (पन्ध्र लाख) समेत कुल रु. १,३५,००,०००।० अक्षरुपी ( एक करोड पैतिस लाख) बजेटबाट तपशिल बमोजिम योजना बनाई कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | योजना स्थल | रकम रु. |
|---|---|---|---|
| १. | भैसीखोर मुहान भई सिमखेत रानीखेत सिचाई योजना निर्माण | वडा ४ र ५ | ३५,००,००० |
| २. | मन्मै रंगशाला तटवन्धन निर्माण योजना | वडा नं. ८ | ३५,००,००० |
| ३. | लामतारा देखि रग्दा तटवन्धन निर्माण योजना | वडा ८ र १० | २०,००,००० |
| ४. | तल्लुवगर र सिउनको पुल तटवन्धन निर्माण योजना | वडा १२ र १३ | २८,००,००० |
| ५. | सांटा देखि गराग्ली तटवन्धन निर्माण योजना | वडा नं. ३ र ६ | १७,००,००० |
| | **जम्मा रु.** | | **१,३५,००,०००** |

निर्णय नं. ४ :

नलगाड नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा कार्यरत तपशिलमा उल्लेखित कार्यालय सहयोगीहरु मिति २०७६।०४।०१ देखि पदमुक्त गरि मिति २०७६।०४।०१ देखि नै लागु हुने गरि तपशिल बमोजिम कार्यालय सहयोगीहरु नियुक्ति गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

| क्र.सं. | साविक कार्यरत (पदमुक्त) | नियुक्ति कार्यालय सहयोगी | कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | का.स. श्री अमृता बोहरा | का.स.श्री दिनेश भण्डारी | नगर कार्यपालिकाको कार्यालय | |
| २. | का.स. श्री विमल वि.क. | का.स. श्री मान बहादुर वि.क. | न.न.पा. वडा नं. २ | |
| ३. | का.स. श्री परिमले कामी | का.स. श्री धनराज वि.क. | न.न.पा. वडा नं. ८ | |

निर्णय नं. ५ :

नलगाड नगर कार्यपालिकाको कार्यालय भाडामा रहेको घरहरु आर्थिक वर्ष २०७६।७७ बाट लागु हुने गरि सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम घर भाडा वृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

नलगाड नगरपालिका प्राथमिक स्वास्थ्य केन्द्र दल्ली अर्न्तगत रहने गरि एक जना नेत्र सहायक प्रचलित कानुन अनुसार नियुक्त गरि मासिक रु. २५,०००।० अक्षरुपी पच्चीस हजार भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ७ :

नलगाड नगरपालिका वडा नं. ७ को दल्लीबजारमा रहेको सार्वजनिक महत्वको पिपलको रुखले नलगाड नगर कार्यपालिकाको कार्यालयको नवनिर्मित भवन, सार्वजनिक सडक निर्माण र यातायातमा अवरोध श्रृजना गरेको, ईलाका प्रहरी कार्यालय दल्लीको कार्यालय भवन जोखिममा रहेको, स्थानीय बजार लगायत अन्य सामाजिक सांस्कृतिक महत्वको मन्दिर समेत जोखिममा रही जुनसुकै समयमा पनि दुर्घटना निम्त्याउन सक्ने जोखिम रहेकोले उक्त पिपलको रुख हटाउनको लागि सम्वन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८ :

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ढ (१) बमोजिम नलगाड नगरक्षेत्र भित्र ४ आना भन्दा कम हुने गरि जग्गा कित्ताकाट गर्न नपाउने मापदण्ड निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ९

नलगाड नगरपालिका वडा नं. ४ को बाउसे खोला देखि तातोपानी हुदै लहँसम्मको सडक निर्माणको लागि डि.पी.आर. गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

<u>निर्णय १०</u>

यस नलगाड नगरपालिका भित्र रहेका सम्पूर्ण ताल, तलैया संरक्षणको लागि जलाधार संरक्षण सब डिभिजन कार्यालय जाजरकोटमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ११</u>

नलगाड नगरपालिकाको शिक्षा क्षेत्रलाई व्यवस्थित, प्रभावकारी बनाई समग्र शिक्षा क्षेत्रको गुणस्तर सुधार गर्न नलगाड नगरपालिका शिक्षा ऐन बनाउन तपशिल बमोजिम ३ सदस्यीय मस्यौदा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१) श्री प्रचण्ड वली (सामाजिक विकास समिति संयोजक) - संयोजक

२. श्री दिनेश कुमार वली (अध्यक्ष शिक्षक महासंघ) - सदस्य

३. श्री वलवीर वि.क. (शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुख) - सदस्य सचिव

प्रमुख प्रशासकिय अधिकृत

टेक बहादुर रावल
नगर प्रमुख